# विषयसूची

| | | |
|---|---|---|
| परिच्छेद- १ | प्रारम्भिक | ५ |
| परिच्छेद- २ | विद्यालय वर्गीकरण, विद्यालय अनुमति वा स्वीकृति सम्बन्धी व्यवस्था | ८ |
| परिच्छेद- ३ | गाउँ कार्यपालिका, प्रमुख प्रशासकीय अधिकृत, शिक्षा अधिकृत तथा निरीक्षकको काम, कर्तव्य र अधिकार | १५ |
| परिच्छेद-४ | शिक्षा समितिको गठन,काम, कर्तव्य र अधिकार तथा बैठक सम्बन्धी व्यवस्थाः | २२ |
| परिच्छेद- ५ | विद्यालय व्यवस्थापन समिति सम्वन्धी व्यवस्था | २६ |
| परिच्छेद- ६ | पाठ्यक्रम तथा परीक्षा संचालन र समन्वय | ३३ |
| परिच्छेद-७ | प्रारम्भिक बाल विकाश सम्बन्धी व्यवस्था | ३५ |
| परिच्छेद-८ | विद्यार्थीसंख्या, भर्ना र कक्षा चढाउने व्यवस्था | ३६ |
| परिच्छेद-९ | प्रधानाध्यापक र शिक्षकको नियुक्ति तथा काम, कर्तव्य र अधिकार | ४० |
| परिच्छेद- १० | छात्रवृत्ति तथा निःशुल्क शिक्षा सम्बन्धी व्यवस्था | ४९ |
| परिच्छेद-११ | बिदा तथा काज सम्बन्धी व्यवस्था | ५१ |
| परिच्छेद-१२ | विद्यालयको चिन्ह, नामाकरण तथा अन्य व्यवस्था | ५४ |
| परिच्छेद-१३ | विद्यालयको सम्पत्ति संरक्षण सम्बन्धी व्यवस्था | ५६ |
| परिच्छेद- १४ | विद्यालयलाई दिइने अनुदान तथा अन्य व्यवस्था | ५८ |
| परिच्छेद-१५ | गाउँ शिक्षा कोष विद्यालयको बजेट, आय व्ययको लेखा तथा अन्य व्यवस्था | ५९ |
| परिच्छेद- १६ | शिक्षकलाई विभागीय सजाय | ६३ |
| परिच्छेद- १७ | विविध | ६४ |

अनुसूचीहरु -१ देखि अनुसूची १५ सम्म७०-९५

(द) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ ।

(ध) "प्रारम्भिक बाल शिक्षा केन्द्र" भन्नाले चार वर्ष उमेर पूरा भई पाँच बर्ष उमेर पूरा नगरेका बालबालिकाको लागि दफा ३८ बमोजिम खोलिएको प्रारम्भिक बाल विकाश केन्द्र, नर्सरी, केजी, मन्टेसरी आदि सम्झनु पर्छ ।

(न) "माध्यामिक शिक्षा" भन्नाले कक्षा नौ देखि कक्षा बाह्रसम्म दिइने शिक्षा सम्झनु पर्छ ।

(प) "व्यवस्थापन समिति" भन्नाले दफा २६ बमोजिम गठन हुने विद्यालय व्यवस्थापन समिति सम्झनु पर्छ ।

(फ) "विद्यालय शिक्षा" भन्नाले आधारभूत र माध्यामिक दुवै शिक्षा सम्झनु पर्छ ।

(ब) "शिक्षक" भन्नाले दफा ५० बमोजिम नियुक्त विद्यालयको प्रधानाध्यापक तथा विद्यालयमा कार्यरत शिक्षक सम्झनु पर्छ ।

(भ) "शिक्षा अधिकृत" भन्नाले गाउँपालिकाको शिक्षा शाखाको प्रमुख वा सो प्रमुखको कामकाज गर्न तोकिएको कर्मचारी सम्झनु पर्छ ।

(म) "शिक्षक" भन्नाले दफा ५० बमोजिम नियुक्त विद्यालयको प्रधानाध्यापक तथा विद्यालयमा कार्यरत शिक्षक सम्झनु पर्छ ।

(य) "शिक्षा शाखा" भन्नाले गाउँपालिकामा रहेको शिक्षा हेर्ने शाखालाई सम्झनु पर्छ । शिक्षा शाखामा नेपाल सरकारको शाखा अधिकृत प्रमुखको रुपमा रहनेछ र गाउँपालिकाको कार्यपालिका प्रति जवाफदेही हुनेछ ।

(र) "शिक्षक किताबखाना" भन्नाले संघीय शिक्षा कानून वमोजिम गठन भएको शिक्षक किताबखाना सम्झनु पर्छ ।

(ल) "शिक्षक सेवा आयोग" भन्नाले संघीय कानून वमोजिम गठन भएको शिक्षकहरुको स्थायी नियुक्तीको सिफारिस लाईसेन्स बितरण बढुवा आदि गर्ने आयोग सम्झनु पर्छ ।

(व) "शिक्षा समिति" भन्नाले स्थानीय तहको प्रमुखले नेतृत्व गरेको पालिकाले गठन गरेको दफा २४ अनुसारको शिक्षा सम्बन्धी समिति सम्झनु पर्छ ।

(श) "शुल्क" भन्नाले विद्यालयले नियम बमोजिम विद्यार्थीसँग लिन पाउने तथा गाउँशिक्षा कोषमा जम्मा हुने रकम सम्झनु पर्छ ।

## परिच्छेद-४

## शिक्षा समितिको गठन,काम, कर्तव्य र अधिकार तथा बैठक सम्बन्धी व्यवस्थाः

२४. **शिक्षा समितिको संरचना तथा कार्यसंचालन सम्बन्धी व्यवस्थाः**(१) गाउँपालिकामा देहाय वमोजिमको एक शिक्षा समिति रहनेछ :-

(क) गाउँपालिकाको अध्यक्ष -संयोजक

(ख) गाउँ कार्यपालिकाले तोकेको गाउँ कार्यपालिकाका सदस्यहरुमध्येबाट कम्तीमा २ जना महिला सहित ३ जना -सदस्य

ग) प्रमुख प्रशासकिय अधिकृत - सदस्य

(घ) सार्बजनिक विद्यालयको प्रधानाध्यापक वा शिक्षकहरुमध्येबाट समितिले तोकेको एक जना महिलासहित - २ जना सदस्य

(ङ) गाउँपालिका भित्रका वि. व्य. स.का अध्यक्ष वा पदाधिकारीहरु मध्येबाट १ जना महिला पर्ने गरी गाउँ शिक्षा समितिले मनोनित गरेको प्रतिनिधि एक जना -सदस्य

(च) शिक्षक महासंघ गाउँपालिका स्तरीय समितिका प्रतिनिधि १ जना -सदस्य

(छ) गाउँपालिका क्षेत्रमा शिक्षामा महत्वपूर्ण योगदान गर्ने व्यक्तिमध्ये गाउँ कार्यपालिकाले मनोनित गरेको १ जना - सदस्य

(ज) शिक्षा अधिकृत -सदस्य सचिव

(२) शिक्षा समितिको वैठक कम्तीमा प्रत्येक चौमासिकमा एक पटक वस्नुपर्नेछ ।

(३) शिक्षा समितिको वैठकभत्ता पालिकाको प्रचलित कानुन वमोजिम हुनेछ ।

(४) वैठक संचालनको लागि कम्तीमा ५० प्रतिशत सदस्यको उपस्थिति आवश्यक पर्नेछ भने वैठकको निर्णय वहुमतको आधारमा हुनेछ ।

(५) मनोनित सदस्यको पदावधि ५ वर्षको हुनेछ, पद रिक्त भएमा पुन मनोनयन गरिने छ ।

**२५.शिक्षा समितिको काम, कर्तव्य र अधिकार** : यस ऐनमा अन्यत्र लेखिएका काम, कर्तव्य र अधिकारका अतिरिक्त शिक्षा समितिको अन्य काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(छ) प्रधानाध्यापक तथा शिक्षकहरु मध्येबाट वडा शिक्षा समिति ले तोकेको २ जना - सदस्य

(ज) शिक्षक महासंघ प्रतिनिधि १ जना - सदस्य

(छ) वडा सचिव -सदस्य सचिव

(२) मनोनित सदस्यहरुको पदावधि ३ वर्षको हुनेछ , निजहरुको पुनर्नियुक्ति हुन सक्नेछ ।

(३) वडा शिक्षा समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) विद्यालयहरुको सञ्चालन, रेखदेख, निरीक्षण र व्यवस्थापन गर्ने,

(ख) शिक्षक तथा कर्मचारीलाई तालिमको लागि छनौट गर्ने,

(ग) गाउँपालिकासँग समन्वय गरी शैक्षिक विकासका कार्यक्रमहरु सञ्चालन गर्ने,

(घ) विद्यालय व्यवस्थापन समितिलाई आबश्यक निर्देशन दिने,

(ड) विद्यालयको सामाजिक परीक्षण गर्न लगाउने,

(च) विद्यालयमा अनियमितता गर्ने शिक्षकलाई कार्वाहीका लागि गाउँशिक्षा समितिमा सिफारिस गर्ने

(छ) राम्रो कामगर्ने शिक्षकलाई पुरस्कारको लागि सिफारिस गर्ने,

(ज) विद्यार्थीको सिकाइ उपलव्धि मापन गरी, सिकाइ उपलव्धिको आधारमा शिक्षकलाई पुरस्कार र दण्डको व्यवस्थागर्ने,

(झ) योग्यता पुगेका प्रतिविद्यालय दुई जना शिक्षकलाई प्रधानाध्यपकको लागि गाउँ शिक्षा समितिमा नाम सिफारिस गर्ने

(ञ) विद्यालयको भौतिक निर्माण कार्य गर्ने गराउने , कुनै पनि शिक्षकलाई निर्माण कार्यमा संलग्न नगराउने,

(ट) गाउँ शिक्षा समितिले तोके बमोजिम अन्य कार्य गर्ने,

(ठ) यस समितिले आफ्नो बैठक सञ्चालन तथा कार्यविधि आफै निर्धारण गर्नेछ ।

(ग) भविष्यमा अयोग्य नहुने गरी अवकाश गर्ने

(घ) भविष्यमा अयोग्य हुनेगरी अवकाश गर्ने

(२) सजाय गर्ने अधिकारी प्रधानाध्यापकको हकमा क, ख, ग, घ को सजाय दिने अधिकारी, शिक्षा अधिकृत र शिक्षकको हकमा क र ख प्रधानाध्यापक तथा ग र घ शिक्षा अधिकृतले सजाय दिन सक्ने छन ।

## परिच्छेद- १७

## विविध

१०२.**शिक्षक तथा शिक्षा क्षेत्रसम्वद्ध जनशक्तिको तालिम** : १) तालिम तथा प्रशिक्षण सम्बन्धी व्यवस्था संघ र प्रदेशले व्यवस्था गरे अनुरुप हुनेछ ।

तर यस दफाले गाउँपालिकाका शिक्षकलाई स्वीकृत वार्षिक कार्यक्रम वमोजिम तालिम दिन वाधा पर्ने छैन ।

१०३.**अतिरिक्त क्रियाकलाप सम्बन्धी व्यवस्था** : (१) विद्यालयहरुले शिक्षा समितिले निर्धारण गरेको मापदण्ड वमोजिम अतिरिक्त क्रियाकलाप संचालन गर्नुपर्नेछ ।

(२) गाउँ कार्यपालिकाले वार्षिक कार्यक्रममा समावेश गरी अन्तर विद्यालय प्रतिस्पर्धात्मक अतिरिक्त क्रियाकलाप सचालन गर्नु पर्नेछ ।

(३) अन्तर विद्यालय प्रतिस्पर्धात्मक अतिरिक्त क्रियाकलाप संचालन सम्वन्धी थप व्यवस्था कार्यपालिकाले निर्धारण गरे वमोजिम हुनेछ ।

(४) विद्यालयले उपदफा (१ र २) बमोजिम अतिरिक्त क्रियाकलाप सञ्चालन गर्दा देहाय बमोजिमका प्रतियोगितामा विद्यार्थीहरूलाई भाग लिन लगाउनु पर्नेछ -

(क) चित्रकला, मूर्तिकला र हस्तकला प्रतियोगिता,

(ख) बाद्यबादन तथा संगित प्रतियोगिता,

(ग) नृत्य प्रतियोगिता ,

(घ) नाटक प्रतियोगिता,

(ङ) वक्तृत्व कला प्रतियोगिता,

(च) हाजिरी जवाफ प्रतियोगिता,

**अनुसूची-१**

**(दफा ३ (२) सँग सम्बन्धित)**

# विद्यालय खोल्ने अनुमतिको लागि दिइने निवेदन

श्रीमान शिक्षा अधिकृत ज्यू,

गाउँ कार्यपालिकाको कार्यालय

शिक्षा शाखा ऐसेलुखर्क खोटाङ,

**विषय : विद्यालय खोल्ने अनुमति सम्बन्धमा ।**

महोदय,

शैक्षिक सत्र ………………… देखि ………………… तहको विद्यालय खोल्न चाहेकोले अनुमतिको लागि देहायका विवरणहरु खुलाई यो निवेदन गरेको छु ।

(क) प्रस्तावित विद्यालयको :

१. नाम :

२. ठेगाना : ……………… गाउँपालिका. …………… वडा नं. ………………

गाउँ/ टोल ……………………फोनः ………….. फ्याक्स नं. ………………

३. किसिम :

(१) सार्बजनिक (२) संस्थागत

(अ) निजी शैक्षिक गुठी (आ) सार्वजनिक शैक्षिक गुठी

४. अनुमति लिन चाहेको तह र सञ्चालन गर्ने कक्षा :…………

५. भविष्यमा सञ्चालन गर्न चाहेको तह र कक्षा :………………

ऐसेलुखर्क गाउँपालिका

